# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ६) सैनामैना नगरपालिका, २०७९/०३/२० साल (संख्या ३७

## भाग–१

सैनामैना नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०७९

**सैनामैना नगरपालिका, रूपन्देही**

**ऐनको नाम: सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०७९**

<u>प्रस्तावना</u>: सैनामैना नगरपालिका, रुपन्देहीको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२९ को उप-धारा (२) बमोजिम सैनामैना नगरपालिका, रुपन्देहीको नगरसभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०७९/०८० को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u> (१) आर्थिक वर्ष २०७९/०८० को लागि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेख चालु खर्च, पुजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत जम्मा रकम रु. १२१८२२४०००।- (अक्षरुपी एक अर्ब एक्काईस करोड वयासी लाख चौविस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७९/२०८० को लागि सैनामैना नगरपालिकाको नगर कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ।

यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढि शिर्षकमा अर्को एक वा एक भन्दा बढि शिर्षकमा रकम सार्नतथा निकासार खर्च जनाउन सकिनेछ। पुजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिन्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृत लिनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्वन्धित)

# संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुजीगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | १५५९२६००० | ९६१००००० | | २५२०२६००० |
| २ | | वडा समिति | ४३०००००० | ८५७००००० | | ९०००००००० |
| ३ | | विषयगत शाखा | ५८२७००००० | २९३४९८००० | | ८७६१९८००० |

चालु खर्चमा नगरपालिकाका कर्मचारीको तलव भत्ता प्रशासनिक खर्च साथै शिक्षा स्वास्थ्य कृषि र पशु सेवाका कर्मचारीहरु समेतको समावेश गरिएको छ।

अनुसूची-२

# आ.व. २०७९/०८० को आयव्यय प्रक्षेपण

| शिर्षक | रकम |
|---|---|
| **आय** | |
| आन्तरिक आय | १३६८००००० |
| गत वर्षको मौजदात | ६७६७०२२६ |
| वित्तिय समानिकरण | १३७९००००० |
| संघीय राजश्व बाँडफाँड | १३०२७१००० |
| सर्शत अनुदान | ३७३३००००० |
| सामाजिक सुरक्षा | २५००००००० |
| विशेषा अनुदान | १५०००००० |
| संघीय समपुरक अनुदान | १०००००००० |
| सडक वोर्ड नेपाल | ४५००००० |
| खेदकुद पूर्वाधार | ८००००० |
| प्रदेश सरकार वित्तिय समानिकरण | ७५४३००० |
| प्रदेश सरकार सर्शत अनुदान | १३०००००० |
| प्रदेश सरकार विषेश अनुदान | ७०००००० |
| प्रदेश सरकार समपुरक अनुदान | १९९९८००० |
| प्रदेश सरकार राजश्व बाँडफाँड | १९४४१७७४ |
| मालपोतर जिष्ट्रेशन शुल्क बाँडफाँड | २५०००००० |
| **जम्मा आय** | १२१८२२४००० |
| **व्यय तर्फ** | |
| चालु खर्च | १५५९२६००० |
| शिक्षा | १८३९९००० |
| स्वास्थ्य | २५०००००० |

| शिर्षक | रकम |
|---|---|
| कृर्षि विकास | ९३९२००० |
| पशु विकास | १५४८४००० |
| महिला वालवालिका, अपाङ्ग तथा जेष्ठ नागरिक | ४०००००० |
| भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासी | ५०००००० |
| विपद् व्यवस्थापन कोष | ५०००००० |
| महिला संग उपप्रमुख कार्यक्रम | २५००००० |
| मेला, महोत्सवर दिवस | २०००००० |
| फोहरमैला व्यवस्थापन कोष | ५०००००० |
| मर्मत संभार कोष | ४०००००० |
| कार्यालय फर्निरिचर | ३०००००० |
| मेसिनरी औजार | २०००००० |
| मुर्गिया हाटवजार, शान्तिटोल हाटवजार | १२५००० |
| राजश्व सुधार कार्यक्रम | १०००००० |
| न पा तथा वडामा एसी जडान | १०००००० |
| नगरस्तरीय सरसफाई कार्यक्रम | ५००००० |
| सहकारी | १०००००० |
| सवारी साधान मोटरसाईकल खरिद | १५००००० |
| सुचना प्रविधि | ३६००००० |
| न्यायीक समिति | १५००००० |
| रोजगार तर्फ | ५००००० |
| घर नक्सा शाखा | ११००००० |
| पंजिकरण | १०००००० |
| सूचना संचार | २०००००० |
| स्थानीय विकास कोष | १०००००० |
| समपुरक | ३५०००००० |

| शिर्षक | रकम |
|---|---|
| बोलवम मन्दिर | १३०००००० |
| तराई मधेश सम्वृद्धि कार्यक्रम | १५००००० |
| उज्यालो शहर | ३०००००० |
| सडक वोर्ड नेपाल | १५००००० |
| प्रशासनीक भवन | ९०००००० |
| EIA/ IEE | १५००००० |
| LGMIS | २०००००० |
| दायित्व सर्ने योजना | ४५०००००० |
| नगरस्तरीय योजना | ४३६००००० |
| UNDP सहकार्य | ७०००००० |
| सर्शत अनुदान | २७४००००० |
| सामाजिक सुरक्षा | २५००००००० |
| विशेषा अनुदान | १५०००००० |
| संघीय समपुरक अनुदान | १००००००० |
| पर्यटन पूर्वाधार कार्यक्रम (बोलबम) | ३९०००००० |
| सडक वोर्ड नेपाल | ४५००००० |
| खेदकुद पूर्वाधार | ८००००० |
| प्रदेश सरकार सर्शत अनुदान | १३०००००० |
| प्रदेश सरकार विषेश अनुदान | ७०००००० |
| प्रदेश सरकार समपुरक अनुदान | १९९९८००० |
| आधारभूत अस्पताल निर्माण | ६०००००००० |
| वडास्तरीय योजनाहरु | |
| वडा नं. १ | ११९६४१२६ |
| वडा नं. २ | ७१०४१२१ |
| वडा नं. ३ | ७०६३७०१ |

| शिर्षक | रकम |
|---|---|
| वडा नं. ४ | ९२९९२९७ |
| वडा नं. ५ | ९६६५९४३ |
| वडा नं. ६ | ९६२७८६१ |
| वडा नं. ७ | ५५६६८५५ |
| वडा नं. ८ | ६०८९९९८ |
| वडा नं. ९ | ६७४२५५८ |
| वडा नं. १० | ९०५४५७१ |
| वडा नं. ११ | ७८२०९६९ |
| **कुल जम्मा व्यय** | १२१८२२४००० |

प्रमाणीकरण मितिः २०७९/०३/२०

आज्ञाले
**भीम प्रसाद तिवारी**
प्रमुख प्रशासकीय अधिकृत